Samaj Anweshan. voi. 4. No.Special Issue (Nari Bisheshank). May 2026
DOI : https://doi.org/10.3126/anweshan.v7i01.95057
Research Article
ISSN: 3021-9035 Print

# सुदूरपश्चिम प्रदेशको सामाजिक, सांस्कृतिक रूपान्तरणमा नारीको भूमिका

✍शान्ति भट्ट फुलारा
*shantiphulara014@gmail.com*


## लेखसार

भूगोलका दृष्टिले नेपाललाई २०७२ को संविधानमा सात प्रदेशमा विभाजन गरिएको छ। तिनै सात प्रदेशमध्येको एक हो सुदूरपश्चिम प्रदेश। यस प्रदेशको भूगोल हिमाल, पहाड र तराई मिलेर बनेको छ। सुदूरपश्चिमप्रदेश आर्थिक, सामाजिक र सांस्कृतिक विविधताले युक्त छ। यो प्रदेशमा बाजुरा, बझाङ, दार्चुला, अछाम, डोटी, डडेल्धुरा, बैतडी, कैलाली र कञ्चनपुर जिल्ला पर्छन्। जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण यस प्रदेशले आफ्नो छुट्टै पहिचान बनाएको छ। सांस्कृतिक, धार्मिक, ऐतिहासिक रूपले सम्पन्न सुदूरपश्चिम प्रदेश सामाजिक एकतामा रमाएको छ। समाजमा बस्ने हरेक व्यक्ति त्यस समाजका गहना हुन्। नारी र पुरुषको संयोजनले सुन्दर समाजको निर्माण हुन्छ। सुन्दर समाजका आफ्नै चालचलन, संस्कृति, परम्परा रहेका हुन्छन्। समयक्रमसँगै सामाजिक, सांस्कृतिक परम्परा परिवर्तन हुँदै जान्छन्। समाजका लागि कुनै पक्ष राम्रा हुन्छन् भने कुनै पक्ष नराम्रा पनि हुन्छन्। त्यस्ता पक्षको परिवर्तनमा नारीले खेलेको भूमिका महत्त्वपूर्ण हुन्छ।

समाजलाई अघि बढाउन तथा महिला स्वयं सक्षम हुन शिक्षा, स्वास्थ्य, रोजगारीमा पहुँच हुनुपर्छ। महिलाको सहभागिता विना समाजको राजनीतिक, आर्थिक, सांस्कृतिक विकास असम्भव हुन्छ। नारी पुरुषको समान सहभागिताले सुदूरपश्चिम समाजको सामाजिक, सांस्कृतिक रूपान्तरण सम्भव हुन्छ। विगतमा नारीलाई नीति निर्माणका कुनै पनि तहमा सहभागी नगराउने यो समाजमा शिक्षा, चेतनामा आएको परिवर्तन, छोरीले पनि केही गर्न सक्छिन् भन्ने द्वारिकादेवी ठकुरानीको जीवनबाट पाएको शिक्षाले नारीलाई शिक्षाबाट वञ्चित गरिएको छैन। राजनीतिक क्षेत्रमा पनि महिलाको सहभागिता बढ्न थालेको छ। रोजगारी, उद्योग, व्यवसाय, कृषिकार्य आदि क्षेत्रमा नारी सहभागिता बढेपछि सामाजिक,आर्थिक, सांस्कृतिक रूपान्तरण हुन थालेका छन्। सुदूरपश्चिम प्रदेशको सामाजिक, सांस्कृतिक रूपान्तरणमा नारी सहभागिताको भूमिका केकस्तो छ र त्यसमा कुनकुन पक्षको भूमिका सबल रूपमा देखिएका छन् भन्ने प्रश्नमा आधारित रहेर यो लेख तयार पारिएको हो। लेख तयार पार्नका लागि प्रदेश सरकारका तथ्याङ्कहरू, सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको तथ्याङ्क, निजामती किताबखानाका तथ्याङ्कलाई आधार बनाइएको छ। तिनै विवरण समावेश गरी विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ।



## शब्दकुञ्जी

सांस्कृतिक बहुलता, अभियन्ता, पहिचान, भूगोल


## विषय प्रवेश

नेपालका सात प्रदेशमध्येको एक सुदूरपश्चिम प्रदेश उत्तरमा चीन, पूर्वमा कर्णाली प्रदेश तथा लुम्बिनी प्रदेश,

✍ लेखक पाटन संयुक्त क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ।

पश्चिम र दक्षिणमा भारतको उत्तराखण्डसँग जोडिएको छ। प्रदेशको क्षेत्रफल १९५३९ वर्ग किमि छ जुन नेपालको कुल क्षेत्रफलको लगभग १३.२२ प्रतिशत हो । राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको जनसङ्ख्या २,६९४, ७८३ छ। यसमा महिला ५२.८० प्रतिशत छन् भने पुरुष ४७.२० प्रतिशत। सुदूरपश्चिममा पुरुष ८५.४० र महिला ६८.२० प्रतिशत साक्षर छन्। सुदूरपश्चिमेलीले नेपालीबाहेक डोटेली तथा थारु भाषा बढी बोल्दछन् । मानव विकास सूचकाङ्कमा सुदूरपश्चिमको गरिबी ०.५४७ र बहुगरिबीको रेखा २५.३० प्रतिशत छ। प्रदेशको अनौपचारिक क्षेत्र ८५ प्रतिशत रहेको छ भने ११.५० प्रतिशत नागरिक बेरोजगार छन् (प्रदेश नीति र योजना आयोग, सुदूरपश्चिम, २०८०)।

समाज एक ठाउँमा बसेका मानिसलाई एकतामा जोड्ने कसी हो । मित्रवत् व्यवहार गराउने माध्यम हो । यसले साझा मूल्यमान्यता, उद्देश्य, आदर्श विचार, प्राथमिकता, जीवनशैली, अनुभव, क्षमता र सम्बन्धलाई संयोजन गर्छ । संस्कृतिले समाजमा चलिआएका बोलीचाली, खानपान, रहनसहन, रीति, प्रचलन, चाडपर्व, भेषभूषा, मूल्यमान्यता, मर्यादा, शिष्टाचार, साहित्य र आचारविचारलाई जनाउँछ जुन समाजको ऐना हो। यसले सामाजिक एकता कायम गर्छ। समाज एउटा घर हो भने संस्कृति त्यसभित्रको जीवन पद्धति हो । संस्कृतिरहित मानव समाज हुन सक्दैन। सुदूरपश्चिमको आफ्नै मौलिक संस्कृति रहेको छ । गोरा, भुओ, हुड्केली, डेउडा आदि यस प्रदेशका मौलिक संस्कृति हुन् ।परम्परागत समाजमा डेउडा खेल्न र गाउन नारीलाई स्वतन्त्रता थिएन। लुकिछिपी र पर्वविशेषमा मात्र पुरुषभन्दा टाढा रहेर नारीले डेउडा खेल्ने अनि गाउने गर्दथे। समयसँगै नारीमा आएको चेतना र समाजमा आएको परिवर्तनले हाल नारीहरूले डेउडा खेल्न समाज र पुरुषको डर, लाज मान्नु पर्दैन। यो समाजमा भएको नारीका लागि सांस्कृतिक रूपान्तरण हो। गोरामा नारीले धक फुकाएर खेल्न पाउनु, आफ्नो इच्छाले रमाउन पाउनु पनि सांस्कृतिक परिवर्तन हो।

सामाजिक सांस्कृतिक रूपान्तरण विभिन्न प्रक्रिया र कारणले हुने गर्छ । सुदूरपश्चिम प्रदेशको सामाजिक सांस्कृतिक रूपान्तरणका प्रमुख कारक तत्वका रूपमा शिक्षाको विकास, नवप्रवर्तन, बसाइसराइँ, क्रान्ति/आन्दोलन, लोकतन्त्रीकरण, औद्योगीकरण, आधुनिकीकरण, सूचना प्रविधि तथा सामाजिक सञ्जालको विकास, चेतना र विश्वव्यापीकरण आदि रहेका छन् । समाज रूपान्तरणमा भूमिका खेल्ने महिला, पुरुष, युवा, अभियन्ता, बुद्धिजीवी नागरिक मुख्य पात्र हुन्।

यस लेखमा महिलाको भूमिकालाई मात्र समेटिएको छ। महिलाका कारण सामाजिक, सांस्कृतिकरूपमा भएका परिवर्तन देखाउनु यस लेखको उद्देश्य हो। समाज, संस्कृति समय अनुसार परिवर्तन हुँदै जान्छन् । त्यो परिवर्तन केही तत्त्वका कारणले हुने गर्दछ। यस आलेखमा सुदूरपश्चिम प्रदेशको सामाजिक सांस्कृतिक रूपान्तरणमा भएको परिवर्तनमा नारीको भूमिकालाई प्रस्तुत गरिएको छ।

## *विधि र अवधारणात्मक पर्याधार*

प्रस्तुत अध्ययन नारी सशक्तीकरणको सिद्धान्तका आधारमा गरिएको छ। यस सिद्धान्तले व्यक्ति, समूह वा समुदायलाई आफ्नो जीवनका परिस्थितिहरूमा नियन्त्रण कायम गर्न र आफ्नो अधिकार प्राप्त गर्न सक्षम बनाउने प्रक्रियालाई बुझाउँछ।

## *परम्परागत समाज र नारीको ऐतिहासिक अवस्था*

सुदूरपश्चिममा पितृसत्तात्मक सामाजिक संरचना थियो र छ। छोरा भए स्वर्ग गइन्छ, छोरा नहुनेलाई अपुतो भन्ने सोच अझै छ । विगतमा छोरीको विवाह पाँच/छ वर्षकै उमेरमा गरे पूण्य मिल्दछ भन्ने मान्यता थियो। त्यसै कारण रजस्वला नहुँदै गरिएको कन्यादानले आमाबुबाको मरणोपरान्त स्वर्गमा बास हुने धार्मिक विश्वास थियो तथा सोही कारण सानै उमेरमा छोरीको विवाह गरिन्थ्यो। सानी छोरी बुहारी बनेर गए पछि त्यो घरमा उसले पाउने दुःख असह्य हुन्थे। तर पनि समयक्रमसँगै ती नारी सबै दुःख

सहेर आमाबुबाको इज्जत धान्नकै लागि घर गरेर खान्थे। बालविवाह त्यो समाजको अभिशाप थियो। बालकालमै श्रीमान्को मृत्यु भएमा बालविधवा बनेर उसले जीवन बिताउनुको विकल्प थिएन। घरभित्रका काम, घरबाहिरका कृषिकर्म, पशुपालनजस्ता कार्यमा शरीर मारेरै गरिने कामले बच्चा जन्मेको १० दिन पनि उनी आराम पाउँदिनथिन् (जनश्रुति)। भरपेट खान नपाउनु, पुरुषको अनुहारसम्म नहेर्नु, सासूससुराले अह्राएको काम गर्नु नारीको नियतिजस्तै थियो। पुरुषको तुलनामा नारीलाई स्वदेश विदेश जान असहज हुने, नारीले आवाज उठाए पोथी बास्नु राम्रो नहुने भनी गरिने अपमान, महिलाहरू घरायसी काममा सीमित हुने, पुरुषको निर्णय मात्र कार्यान्वयन हुने यस समाजमा जबसम्म यी विषय परिवर्तन हुँदैनन्, तबसम्म नारीको भूमिका निष्क्रिय नै रहन्छ। नारीले पढ्नु हुँदैन भन्ने सोचका कारण विगतमा यस समाजका साक्षर नारी औँलामा गन्न सकिने थिए। पढीलेखी बाहिरी काममा जानु त असम्भव थियो जसले गर्दा नारीहरू घरेलु काममा सीमित थिए।

पर्व परम्परा संरक्षण, पारिवारिक व्यवस्थापन तथा अभिभावकीय भूमिकामा नारीको योगदान बढी छ। सुदूर–पश्चिममा परम्परादेखि नै विकास तथा समाज रूपान्तरणमा नारीलाई सहभागी कम गराउँदा नारी स्वयम् र प्रदेशको विकास हुन सकेन। नेपालको परिवेशमा आधाभन्दा बढी जनसङ्ख्या रहेका नारीलाई राज्य र समाज अनि घरपरिवारले विकासको मूलधारभन्दा बाहिरै राखेको छ। विगतमा मात्र नभई वर्तमानमा पनि नारीलाई राज्यका हरेक तहमा भूमिका दिने सवालमा आनाकानी भइरहेको छ। अपवादबाहेक सुदूरपश्चिमबाट सङ्घ, प्रदेश र स्थानीय कार्यकारी पदमा क्षमता तथा सामाजिक न्यायका हिसावले सहभागिता नगराउँदा नारीको भूमिका न्यून छ।

मानवीय चेतना, परिवर्तनशील समय, विश्वपरिवेश, शिक्षामा नारीको सहभागिता आदि कारणले बिस्तारै सुपको समाजमा विगतभन्दा धेरै सकारात्मक परिवर्तन भएका छन्। बालविवाह निकै हदसम्म हटेको छ। फाट्टफुट्ट रूपमा विधवा विवाह पनि हुन थालेको छ। छोरीलाई शिक्षाबाट वञ्चित गरिएको छैन। आर्थिक हैसित राम्रो हुनेले पढ्नका लागि छोरीलाई घरबाट टाढा पनि पढ्न पठाउन थालेका छन्। विगतभन्दा वर्तमानको यो समाज निकै परिवर्तित भएको छ। पुरुष वैदेशिक रोजगारीमा जाने भएपछि घर समाजको नेतृत्व महिलाले सम्हाल्नुपर्ने बाध्यात्मक परिस्थिति सृजना भएको छ। सुदूरपश्चिमका पुरुष आर्थिक अवस्था सुधारका लागि भारत तथा अन्य मुलुकमा जाँदा महिलाले घरपरिवारको नेतृत्व आफ्नो जिम्मामा लिई परिवारप्रतिको कर्तव्य निर्वाह गरिरहेका छन्। समाज परिवर्तनको अगुवाइ र छोराछोरीको उज्ज्वल भविष्यका लागि अग्रणी भूमिका निर्वाह गरेका छन्। नारी पनि आर्थिक उपार्जन गर्न थालेका छन्।

## *राजनीतिक रूपान्तरण*

समाज परिवर्तन हुनका लागि राजनीतिक, आर्थिक, शैक्षिक, औद्योगिक, प्रशासनिक आदि क्षेत्रमा महिला सहभागिता हुनु र यसबाट समाज अनि महिला स्वयम्लाई उपलब्धि हुनु हो। वि.सं. १९७४ सालमा डोटीको सिलगढीमा जन्मिएकी द्वारिकादेवी ठकुरानी वि.सं.२०१५ सालको निर्वाचनमा पहिलो पटक महिलाका तर्फबाट निर्वाचित भइन्। उनी २०१६ सालमा उप तथा सहायक मन्त्री भएकी थिइन्। उनले सुदूरपश्चिमको बन्द समाजमा नारी स्वतन्त्रताको अभियान चलाएकी थिइन्। द्वारिकादेवी ठकुरानी वि.सं. २०१६ मा स्वास्थ्य उपमन्त्री हुनुअघि उनका राजनीतिक तथा सामाजिक चेतनासम्बन्धी धारणा फैलिएका थिएनन्। मन्त्री बनेपछि उनलाई उदाहरणीय नारी मान्दै समाजमा नारीले पनि पुरुषसरह काम गर्न सक्छन् भन्ने भावनाको विकास भयो। द्वारिकादेवी नेपालको र दक्षिण एसियाकै पहिलो महिला मन्त्री थिइन्। परिवार नियोजनका विषयमा चर्चा गर्न पनि सङ्कोच मान्ने समाजमा उनले परिवार नियोजन सङ्घको स्थापना गरेकी थिइन् (भण्डारी, २०७९)। राजनीति सबै नीतिहरूको मूलनीति हो। राजनीतिमा महिला सहभागिता नहुने हो भने अन्य क्षेत्रमा झनै कम हुन्छ। द्वारिकादेवी ठकुरानी स्वास्थ्य उपमन्त्री भएपछि

महिला अब घरको चुलो चौकामा मात्र होइन राष्ट्रिय राजनीतिमा पनि योगदान गर्न सक्छन् भन्ने सन्देश प्रवाह भयो। यसपछि समाजमा राजनीतिमा महिला सहभागिता बढ्न थालेको छ। स्थानीय तहमा महिला प्रतिनिधित्वले निर्णय प्रक्रिया लैङ्गिकमैत्री बनाएको छ। नेतृत्व निर्माणमा महिलाको भूमिका अहम् बनाउन सहयोग गरेको छ। नीति निर्माणमा महिला सहभागिताले महिलालाई मात्र नभई देशकै नेतृत्व निर्माणमा सकारात्मक प्रभाव पर्न थालेको छ। लोकेन्द्रबहादुर चन्द, शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनमा होस् अथवा त्रिलोचन भट्टलाई मुख्यमन्त्री बनाउनमा उनका आमा, श्रीमती र दिदी बहिनीको आर्थिक, सामाजिक प्रेरणाको महत्त्वपूर्ण भूमिका रहेको छ।

हाल ८८ वटा स्थानीय तह रहेको सुदूरपश्चिम प्रदेशमा महिला सहभागिता पनि उल्लेख्य रहेको छ। २०७४ को स्थानीय तहको निर्वाचनमा सुशीला मिश्र भट्ट धनगढी उपमहानगरपालिकाकी उपमेयर बनेकी थिइन्। उनी राजनीतिमा सफल हुनु समाजमा नारीको भूमिका र चेतना बढ्नु हो। २०७४ को स्थानीय तहअन्तर्गत वडा तहमा १,४६८ महिला निर्वाचित भए। सोही निर्वाचनमा डोटीको दिपायल सिलगढी नगरपालिकाबाट मञ्जु मलासी तथा डडेल्धुराबाट कौशिल्या देवी भट्ट अध्यक्ष चुनिएक थिए। वि.सं.२०७९ सालको निर्वाचनमा प्रदेशसभाका ५३ जना सदस्यमध्ये महिला १८ वा ३३.९६ प्रतिशत समानुपातिक सांसद निर्वाचित भएका थिए। २०७९ को चुनावमा अछामबाट अम्बिका चलाउने नगर प्रमुखमा निर्वाचित भइन् (निर्वाचन कार्यालय, अछाम, २०७९)। प्रदेशसभामा डोटी केआई सिंहकी बुहारी पूर्णा जोशी मन्त्री बनिन् भने सङ्घीय संसद्मा विना मगर खानेपानी मन्त्री बन्नु त्यो समाजका लागि राजनीतिक तहमा भएको महत्त्वपूर्ण उपलब्धि हो (प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, काठमाडौँ, २०७९)। राजनीतिक तहमा भएका यस्ता उपलब्धिले नारीलाई घरभित्र सीमित नराखी नीति निर्माणका तहमा पुऱ्याएको छ, जुन राजनीतिक र सामाजिक रूपान्तरणको महत्त्वपूर्ण पक्ष हो।

२०८२ फाल्गुण २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा कोमल ओली कैलाली क्षेत्र नम्बर १ बाट निर्वाचित भइन् भने समानुपातिक तर्फबाट रत्ना कुमारी थापा (अछाम), गीता चौधरी (कञ्चनपुर), प्रतिभा रावल (कञ्चनपुर), करिस्मा कठरिया (कैलाली), आकृति अवस्थी (डडेल्धुरा), टीका सङ्ग्रौला (अछाम) र हरिनादेवी कामी (डडेल्धुरा) भएका छन्। कैलालीकी लिला भण्डारी राष्ट्रिय सभा उपाध्यक्ष हुनु यस समाजमा भएको परिवर्तन नै हो (निर्वाचन आयोग, २०८२)।

## *सामाजिक तथा आर्थिक स्तरमा नारी*

सामाजिक रूपान्तरण भनेको समाज सकारात्मक रूपले परिवर्तन हुनु हो। सामाजिक तथा आर्थिक स्तर मापन गर्ने आधार भनेका शिक्षा, स्वास्थ्य,रोजगारी, उद्योग आदि हुन्। कुनै पनि क्षेत्रको विकासका लागि नारीलाई शिक्षित र सक्षम बनाउनैपर्दछ। शिक्षा विकासको पहिलो खुड्किलो हो। सुदूरपश्चिमको परम्परागत समाजमा नारीलाई शिक्षाबाट वञ्चित गरिएको थियो। अहिले अधिकांश आमाबुबाले छोरीलाई पढाउन थालेका छन्। छोरीलाई शिक्षा दिने चेतनामा परिवर्तन भएसँगै सुदूरपश्चिममा ७६.२० प्रतिशत पुरुष साक्षर हुँदा महिला साक्षरता ६८.२० प्रतिशत पुगेको छ। शिक्षित महिलाको सङ्ख्या बढेपछि रोजगारीमा महिलाको पहुँच बढ्न थालेको छ। शिक्षक बनेर समाजमा शिक्षाको ज्ञान बाँडिरहेका २,४५१ शिक्षिकाले यस समाजमा समाजिक भूमिका निर्वाह गरिरहेका छन् (स्रोत : शिक्षक किताबखाना, २०८२)। शिक्षा र चेतना परिवर्तनका कारण नारीहरू देशको सुरक्षामा पनि खटिएका छन्। सुरक्षा निकायमा भर्ती भई देश र जनताको सेवा गर्ने सुदूरपश्चिम प्रदेशबाट नारीको सङ्ख्या १,४३२ छ (स्रोत : नेपाल प्रहरी मुख्यालय, २०८२)। सुदूरपश्चिमबाट १,२१२ महिला निजामती सेवामा कार्यरत छन् (स्रोत : निजामती किताबखाना, २०८२)। डोटीकी छोरी आभा श्रेष्ठ निजामति सेवामा सहसचिव पदमा कार्यरत हुनु सुदूरपश्चिमका नारीका लागि प्रेरणाकी पात्र हुन्। निजामती सेवामा प्रवेश गरेकी सुदूरकी

चेली किरण जोशी २०७९ मा सुदुरपश्चिम प्रदेशबाट पहिलो महिला प्रमुख जिल्ला अधिकारी भइन् । २०७२ सालमा सुदूरपश्चिम विश्वविद्यालयकी प्रथम महिला उपकुलपति बनेकी प्रा. भूषण श्रेष्ठ समाजमा नारीले सङ्घर्ष र मिहिनेत गरे जोकोही पनि हरेक क्षेत्रको माथिल्लो पदसम्म पुग्न सकिने उदाहरण बनेर समाज परिवर्तनको एक उदाहरण बनेकी छन् (www.fwu.edu.np) । उनले यस प्रदेशमा शिक्षा नीतिमार्फत् आर्थिक सामाजिक रूपान्तरणमा योगदान दिएकी छन्। भाषा तथा संस्कृतिका क्षेत्रमा त्रिभुवन विश्वविद्यालय पद्मकन्या क्याम्पसकी उपप्राध्यापक दिव्यश्वरी जोशी तथा डोटेली भाषाको अध्ययन गरिरहेकी पाटन संयुक्त क्याम्पसकी उपप्राध्यापक शान्ति भट्ट फुलारा, साधना पन्त, इन्दु पाठक, विना जोशी, स्व. गुड्डी पन्त, स्व. सावित्री पन्त, कल्याणी लेखक भट्ट आदि प्राध्यापन पेसामा आवद्ध भई सुदूरको समाजका लागि छोरीले उचित शिक्षा र अवसर पाए छोरासरह माथिल्लो स्थान प्राप्त गर्न सक्छन् भनेर समाजमा शिक्षाको महत्त्व देखाउने नारी पात्र हुन् । माया कुमारी शर्मा, बैतडीकी नारायणी भट्ट, देवी शर्मा बोहरा, निरा नबियाल, सीमा भट्ट, डोटीकी लक्ष्मी शर्मा आदिले विद्यावारिधि प्राप्त गर्नु ठुलो उपलब्धि हो । काठमाडौँमा जन्मेकी आर्जु राणा देउवा विद्यावारिधि गर्ने नारी मात्र नभएर सुदूरपश्चिमको प्रतिनिधित्व गर्दै नेपाल सरकारको परराष्ट्र मन्त्री बन्नुले सुदूरका नारीका लागि प्रेरणा र समाज परिवर्तनको उदाहरण बनेकी छन्। डोटीकी मेरिना श्रेष्ठ, बैतडीकी पुनम चन्द उच्च अदालत तथा बैतडीकी जयन्ती अवस्थी जिल्ला अदालतका न्यायधीश बन्नु समाजमा आएको चेतना अनि शिक्षाको प्रभाव हो । यस्ता उदाहरणीय नारीका कारण समाजमा छोरीलाई पढाउनुपर्छ भन्ने भावनाको विकास भएको छ।

शिक्षाका कारण नारीले आफ्नो जीवन मात्र नभई समाजमा शिक्षा र नारीको महत्त्वलाई प्रस्ट्याएका छन् । समाजमा भएको परिवर्तनसँगै छोरीलाई पनि छोरासरह शिक्षा दिने चेतनाले हाल यो क्षेत्रका नारीहरूले उच्च तहको शैक्षिक योग्यता प्राप्त गरेका छन् । सरकारी, गैरसरकारी, बैँङ्क, वित्तीय संस्था, निजी क्षेत्र,सामुदायिक क्षेत्रमा रोजगार थुप्रै नारी पात्रका कारण समाजमा परिवर्तन आएको छ । सुदूरपश्चिमका नारीहरू नेपालमा मात्र नभएर विदेशमा समेत पढाइ पूरा गरेका र गरिरहेका छन्। शिक्षा प्राप्ति सँगै निजामती, प्राध्यापन, सुरक्षा, चिकित्सा, कानुन व्यवसाय, व्यापार, वैदेशिक रोजगारी आदि क्षेत्रमा महिला सहभागिता बढेको छ। नारी स्वयम् परिवार अनि समाजको आर्थिक पक्ष बलियो बनाउन नारीको भूमिका महत्त्वपूर्ण रहेको छ।

अनौपचारिक र घरेलु काममा नारीहरूको भूमिका अत्यधिक छ। सहकारीको अवधारणा आएपछि सुपबाट महिला सहकारी सदस्य ३,१९,१०० बनेका छन् (सहकारी विभाग, सहकारी अखवार, २०७७ माघ २०)। बाजुराकी २० वर्षीया अमिसा कार्की २०८० मा पहिलो महिला पाइलट बनेकी छन् (स्टेट सेवेन, अनलाइन डट कम, २०८० चैत १५)। कैलालीकी टीका चौधरी थारु समुदायबाट पहिलो पाइलट बनिन् (सुदूर सन्दर्भ डट कम, २०८२ पुस १०)। सामाजिक अभियन्ता विजया केसी श्रेष्ठ बागमती प्रदेशसभा सदस्य बनेकी थिइन्। दिनेश होजियारी उद्योगकी सञ्चालिका चम्पा रावल, सञ्चारिका चाँदनी आचार्य, गायिका तुलसी विश्वकर्मा, गौरी भट्ट र नायिका चाँदनी मल्ल सो प्रदेशका आआफ्नो क्षेत्रमा योगदान पुऱ्याउने नारी पात्र हुन्।

## *सांस्कृतिक रूपान्तरणमा नारीको सक्रियता*

सुदूरपश्चिम संस्कार, संस्कृति र परम्परामा धनी छ। यहाँका कला, संस्कृतिक तथा चाडपर्वलाई मात्र जोगाएर राख्ने हो भने त्यो भविष्यका लागि निकै महत्त्वपूर्ण हुनेछ। गोरा, फाग/माङ्गल, लोकगीत, डेउडा, संस्कार संस्कृति संरक्षण र पुनर्व्याख्या, पुराना मान्यतामा आलोचनात्मक दृष्टि र नयाँ मूल्यको स्थापना, सांस्कृतिक लैङ्गिक समानताको बहस हुन थालेको छ। प्रशंसा संरक्षण समूह काठमाडौँमा आबद्ध नारी पात्रले प्रत्येक वर्ष गौरा पर्व आयोजना गरी सांस्कृतिक एकता तथा स्थानीय संस्कृतिको जर्गेना मात्र गरेका छैनन्। गौराको मौलिक प्रसाद बिरुडाको 'ब्रान्डिङ' गरेका छन्। सुदूरको जस्तो हात जोडेर नाच्ने डेउडा खेल

अन्यत्र छैन। हात जोडेर खेलिने यो खेलले समाजलाई एकताको सूत्रमा बलियो बनाउने सन्देश बोकेको छ। यसले सामाजिक एकता, भाइचारा, उद्यमशीलताको विकासमा योगदान दिएको छ। विविधता विनाको एउटै प्रकृतिको विकास, बसोबास, भाषा, कला र संस्कृति बेलायतमा छ। तर त्यहाँ हामीभन्दा म, सहयोगभन्दा प्रतिस्पर्धा छ। विविधतासहितको विकासले सुदूरपश्चिमलाई अध्ययन अनुसन्धान, आध्यात्मिक चिन्तन, मनोरञ्जन, सभ्यताको किसिमले पृथक बनाएको छ। सुदूरपश्चिममा भौगोलिक सुन्दरता, जैविक, प्राकृतिक तथा सामाजिक विविधताका जति सम्भावना छन्। त्यतिकै यो प्रदेशमा रहेका कुप्रथाहरू, गरिबी, बेरोजगारी, असमानता, पछौटेपनबाट सभ्य र उन्नत समाज बनाउने चुनौती छन्। सम्भावनाको उपयोग गर्ने र कमजोर पक्षलाई शून्य बनाई समावेशी, समृद्ध र सामाजिक न्यायका लागि प्रदेशका करिब ५३ प्रतिशत महिलाको भूमिका अझ सशक्त र बढी जिम्मेवार हुनुपर्छ। पुरुषहरू देशविदेश हुँदा पनि महिलाले घरको नेतृत्व लिएर दुःख सुखका साथ बालबच्चालाई सक्षम र नैतिकवान बनाएका छन्।

पुरुषहरू रोजगार तथा व्यापारका लागि घरबाहिर जाँदा प्रारम्भिक शिक्षा तथा चेतनाको सुरुवात महिलाबाटै हुन्छ। शिक्षक, प्राध्यापक, महिला सहकारी सदस्य, सञ्चारकर्मी, कलाकार, महिला सामाजिक अभियन्ताको सक्रियताले लोकतन्त्र, चेतना, ज्ञान र सीपमावृद्धि भइरहेको छ। शिक्षित महिला, महिला/आमा तथा छोरी समूह जस्ता अभियानमार्फत् घर, परिवार र सिङ्गो समाजमा सकारात्मक सोचको प्रवर्धन र नकारात्मक पक्ष न्यूनीकरणका लागि नागरिक शिक्षालाई अघि बढाइएको छ। सामाजिक कुरीति अन्त्यमा नारी आन्दोलनले वर्तमान समयमा छाउपडी प्रथाका नकारात्मक पक्षलाई सकारात्मक दृष्टिले परिवर्तन गराउन थालेको छ। घरेलु हिंसा विरुद्धका सङ्घर्ष, महिला समूह, आमा समूह र सहकारी सदस्यको रूपमा स्थानीय तहमा चेतनामूलक अभियानको नेतृत्व महिलाले लिएका छन्। सङ्घीयता आउनु अघि अखण्ड सुदूरपश्चिम महिला अभियानमार्फत् नौ जिल्लालाई एउटै प्रदेशमा राख्ने अखण्ड सुदूरपश्चिमको १९ दिने अभियान नारीकै सक्रियतामा भएको थियो। सुदूरकी गोमा आचार्य जोशीले छाउ हुँदा गोठमा बस्नुपर्ने, दही दूध खान नहुने, अर्कालाई छुन नहुने, विद्यालय जान नहुने प्रथाविरुद्ध दुई दशकदेखि नो मोर छाउपडी अभियान चलाई रहेकी छन् (अनलाइन खवर, २०८१ वैशाख ११)। आर्थिक सशक्तीकरण र आत्मनिर्भरताको पहलमा कृषि, पशुपालन, हस्तकला, उद्यमशीलता प्रवर्धन, वैदेशिक रोजगारीबाट विप्रेषण र स्वआर्जनका कार्यक्रममार्फत् सामाजिक हैसियतमा परिवर्तनआउन थालेको छ। सुदूरपश्चिम सृजनशील महिला उद्यमी अभियान २०८१ ले आर्थिक समृद्धि र उद्यमशीलतामार्फत् रोजगारी र स्वरोजगारी सृजना गरेका छन्। धनगढी उपमहानगरपालिका १४ की भावना पुलामी मगरले सालको पातको दुनाटपरी उद्योगमार्फत् दर्जनौँ जनशक्तिलाई रोजगारी मात्र दिएकी छैनन्, दुनाटपरी निर्यात पनि गरेकी छन् भने वडा नम्वर १५ की सुनितादेवी चौधरीले ढिक्री परिकारको 'ब्रान्डिङ' गरेकी छन् (कान्तिपुर दैनिक २०८१, मंसिर २१)। सुदूरपश्चिमाञ्चल महिला जागरण मञ्च र सुप महिला विकास वचत तथा ऋण सहकारी संस्थाले साना उद्योग, कृषि, पशुपालन र स्वरोजगारका लागि शैक्षिक, प्राविधिक र आर्थिक सहयोग गरेको छ।

## नतिजा र विमर्श

यस लेखमा सुदूरपश्चिमको सामाजिक, सांस्कृतिक रूपान्तरणमा महिलाको भूमिका विषयमा अध्ययन गरिएको छ। विगतबाट वर्तमानसम्म आइपुग्दा त्यस समाजमा नारीको अवस्था कस्तो थियो र के परिवर्तन भयो साथै नारीले समाज निर्माणका लागि के कस्ता भूमिका निर्वाह गरेका छन् र समाज रूपान्तरणमा उनीहरूको कस्तो योगदान छ भन्ने विषय यहाँ प्रस्तुत गरिएको छ।

महिलाले सामाजिक न्याय, द्वन्द्व व्यवस्थापन, जलवायुमैत्री विकासजस्ता विविध पक्षमा महिला समूहमार्फत् सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रसँग सहजकर्ता, समन्वयकर्ता र उत्प्रेरकका रूपमा काम गरिरहेका छन्।

जलवायु संवेदनशील विकासका लागि कैलाली महिला समाजले सचेतना कार्यक्रम आयोजना गरेको छ। लिङ्गवाद, जातिवाद, कुरीति तथा बर्जित नीतिविरुद्ध परिवार, समाज, देशसँग विद्रोह गर्दै सामाजिक अभियानमार्फत् आर्थिक, सामाजिक उन्नति, द्वन्द्व व्यवस्थापनमा विभिन्न समूह बनाई अभियान चलाइरहेका छन् ।नेपाल सङ्घीय शासन प्रणालीमा गएपछि लोकतान्त्रिक शासन, समावेशी विकास र सांस्कृतिक बहुलवादमार्फत् राष्ट्रिय एकता र भौगोलिक अखण्डता कायम गर्ने विषय संविधानमा सुनिश्चित गरेको छ। सुदूरपश्चिममा महिलाको जनसङ्ख्या राष्ट्रिय अनुपातभन्दा बढी हुँदा लैङ्गिक सशक्तीकरण तथा समावेशी विकासका लागि समन्वय, सहकार्य, दबाबपूर्ण वातावरण बन्ने अवस्था सृजना भएको छ । पुरुषहरू रोजगारीका लागि स्वदेश र विदेश जाने क्रम बढ्दै जाँदा महिलाले घर, परिवार र समाजमा नेतृत्वकर्ता, समन्वयकर्ता, संरक्षकका रूपमा काम गर्नुपर्ने बाध्यतात्मक परिस्थितिले स्वतः महिला सशक्तीकरण हुने सम्भावना छ।

सुदूरपश्चिम भौगोलिक सुन्दरता, जैविक, आर्थिक, प्राकृतिक तथा सामाजिक विविधताले भरिपूर्ण भए पनि यहाँका आर्थिक सामाजिक सूचकहरू कमजोर छन् । सामाजिक सांस्कृतिक रूपान्तरण गर्ने प्रशस्त अवसरहरूको खोजी गर्दै नारीहरू आर्थिक उपार्जनका कार्यमा लाग्न थालेका छन्। सुदूरपश्चिमका महिलाको शिक्षा, स्वास्थ्यमा पहुँच पुगेको छ। शासन र प्रशासनमा, रोजगारीका विभिन्न क्षेत्रमा सहभागी भएका कारण समाज परिवर्तनका लागि नारीहरू उदाहरणीय बन्दै छन् । नारी नेतृत्वमै आधारित सामाजिक रूपान्तरण, शिक्षा, नीति र संस्कृतिको समन्वय, सुदूरपश्चिममा समावेशी समतामूलक समाज निर्माणमा नारीको केन्द्रीय भूमिकाको अपेक्षा गरिँदै छ।

## *सामाजिक सांस्कृतिक रूपान्तरणमा महिलाका लागि चुनौती*

देवी पुज्ने, चेली त्यार दिने, छोरीलाई सम्मान गर्ने, आमाबुबाले खोजेकासँग विवाह गरी पारपाचुके नगर्ने, संयुक्त परिवारमा बस्ने, सबैलाई खुवाएर मात्र भान्सेले खाना खाने, सामूहिक रूपमा बस्ने, बडघर प्रथा (थारू), एकात्मक भावना सुदूरको समाजमा पाइन्छ । नेतृत्व निर्माणमा सहयोग, समर्पण र त्याग गरेका नारीले आफ्ना संस्कार अनि परम्परा जोगाइरहेका छन्। गलत परम्परागत प्रथा देउकी, झुमा, छाउपडी, बोक्सीका नाममा नारीले भोग्नु परेका पीडा समाज रूपान्तरणमा बाधक छन्। हाल आएर महिलाले यी प्रथाको विरोध गर्ने साहस गरेका छन्। यहाँको सामाजिक संरचना ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जातको छ। जातीय आधारमा पनि महिलामाथि अन्याय हुन्छ । सङ्कीर्ण सोचका कारण आफ्नो रैथाने संस्कृति, समाज र परम्परागत संस्कारको वकालत गर्दा सानो भइन्छ भन्ने मनोविज्ञान छ। धामीझाँक्री, तन्त्रमन्त्रमा भर पर्नुपर्ने चिकित्सा प्रणाली विद्यमान छ । लैङ्गिक विभेद पूर्ण रूपमा हट्न सकेको छैन । छोरीलाई आफ्ना सन्तानभन्दा पराई घरकी मान्ने, छोरा नभए स्वर्ग गइँदैन भन्ने सोच अझै छ। धर्मलाई अध्यात्मवाद, मानवता अथवा सकारात्मक पक्षभन्दा नकारात्मक पक्षको संरक्षणका दृष्टिले मान्दा महिलाहरूले समानता पाउन सकेका छैनन्। बाल विवाह, छाउपडी र छुवाछुतजस्ता पक्षलाई धर्मसँग जोडिएको छ। भाग्यवादी सोच र संस्कार छ । महिनावारी हुँदा गोरस खान नहुने, दलितलाई दुध दही दिन नहुने, जातअनुसार विधवाले माछामासु, लसुन, प्याज, मुसुरोको दाल, चिचिण्डो, भेण्टाको तरकारी खान नहुने मान्यताका कारण उनीहरूले खानामा पोषक तत्त्व पाउन सकेका छैनन् । पत्नीमात्र काममा जोतिने पति भने रक्सी पिएर तास खेल्दै समय बिताउने प्रवृत्तिले महिला शारीरिक रमानसिक रूपमा कमजोर छन् । धर्म र अन्धविश्वासमा आधारित सामाजिक न्यायको संरक्षण हुँदा छाउपडी गोठमा २१ वर्षीय पार्वती बुढा रावतजस्ता चेलीले अकालमा ज्यान गुमाउनुपरेको छ । प्रदेशमा घरेलु हिंसा, बहुविवाह, बलात्कार, यौनहिंसा, मानव बेचबिखन र सामाजिक हिंसा विद्यमान छन्। भौगोलिक विकटता, सेवा प्रवाहमा न्यूनतम पहुँच, मानव विकास सूचकाङ्कमा न्यून, नेपालको औसतभन्दा

बढी गरिबी रहेको यस प्रदेशका नारीले यी समस्यासँग जुध्न शिक्षा र अर्थमा सक्षम हुनु अनिवार्य छ।

### *सामाजिक सांस्कृतिक रूपान्तरणमा महिला सहभागिता वृद्धिका उपायहरू*

शिक्षा र चेतनाको विकास गरी गलत प्रथा, परम्परा, प्रचलन अन्त्य गर्न राजनीति, प्रशासन, समाज, विकास निर्माणका कार्य, नीति निर्माण जस्ता क्षेत्रमा महिलालाई सहभागी गराइनुपर्छ। आध्यात्मिक व्यक्ति र पण्डितहरू समेतको सहयोगले गैरमानवीय र विभेदकारी प्रथाहरूमा समय सापेक्ष परिवर्तन गर्दै जानुपर्छ। लोकतान्त्रिक समाजको निर्माण गर्न आर्थिक सामाजिक रूपमा वञ्चित नारीलाई सशक्त बनाई उनीहरूलाई निर्वाचन, नीति, पृष्ठपोषणमा सहभागी गराई उनीहरूका सकारात्मक मागहरू अनिवार्य रूपमा सम्बोधन गरिनुपर्छ। सांस्कृतिक बहुलवादमार्फत् सामाजिक सांस्कृतिक मूल्यमान्यताको पहिचान, स्वीकार तथा सम्मान गर्नुपर्छ। विविधता व्यवस्थापनमा जोड दिँदै व्यवस्थित बसाइँसराइ, स्रोतसाधन परिचालन, सेवा प्रवाह र वातावरणप्रति संवेदनशील भएर मिश्रित समाज निर्माण गर्दा उन्नत समाज, भ्रातृत्व प्रेम, सहकार्य, समन्वय र सम्मानको संस्कार विकास हुन्छ। लैङ्गिकमैत्री वातावरण निर्माण गरी महिलालाई आन्तरिक बोझभन्दा नेतृत्व विकास, सहजकर्ता, उद्यमशील, द्वन्द्व व्यवस्थापक, सामाजिक अभियन्ताका लागि सार्थक भूमिका निर्वाह गर्न स्थानीय तहले महिलाहरूलाई प्रशिक्षण दिने, महिलाद्वारा सञ्चालित काममा थप प्रोत्साहन दिनुपर्छ । महिला सशक्तीकरणका लागि प्रत्यक्ष निर्वाचनमा पचास प्रतिशत महिलालाई स्थान दिने नीति अवलम्बन गरेमा समाजमा सकारात्मक परिवर्तन हुन्छ।

### *निष्कर्ष*

नेपालका सात प्रदेशमध्ये सुदूरपश्चिम प्रदेश कैलाली र कञ्चनपुर दुई तराईका जिल्ला अनि अछाम, बझाङ, बाजुरा, डोटी,डडेल्धुरा, बैतडी, दार्चुला सात पहाडी जिल्ला मिलेर बनेको प्रदेश हो। यस प्रदेशमा विगतमा नारी तथा पुरुषबिचमा जुन असमानता थियो वर्तमानमा बिस्तारै परिवर्तन भएको छ। जैविक रूपमा पुरुष र नारी भिन्न भए पनि पुरुष जत्तिकै नारीले पनि हरेक कार्य गर्न सक्छिन्। नेपाली समाजमा पुरुषको जस्तो नारीलाई अधिकार, शिक्षा नदिँदा उनीहरू पुरुषको तुलनामा पछाडि छन् । सुदूरपश्चिमको समाजमा त नारी हरेक क्षेत्रमा पछाडि छन्। हरेक क्षेत्रमा पछि परेका यस समाजका नारीहरूको जीवनमा परिवर्तन एकै चोटी आएको होइन। राजनीतिक रूपमा द्वारिकादेवी ठकुरानीको योगदान, शिक्षामा आएको चेतनाजस्ता पक्षले परिवर्तन सम्भव भएको हो। घरपरिवारको जिम्मेवारी नारीको काँधमा बढी भए पनि नीति निर्माणमा, निर्णय प्रक्रियामा, रोजगारीका अवसरमा नारीलाई समानता मिलेको छैन । विगतको समाजभन्दा वर्तमानको समाज केही हदसम्म नारीप्रति उदार छ। बालविवाह, शिक्षाबाट वञ्चित, घरबाट बाहिर निस्कन नपाउने परिस्थितिमा सुधार हुन थालेको छ। फलस्वरूप नारीले उच्च शिक्षा अध्ययन गर्न पाएका छन्। शिक्षाकै कारण रोजगारीमा लागेर घर परिवारको आर्थिक अवस्था सुधार भएको छ। राजनीतिमा महिला सहभागिता बढेपछि नीति बनाउने काममा नारीले पनि आफ्ना समस्या राख्न पाएका छन् । सामाजिक, सांस्कृतिक परिवर्तनमा महिलाको सक्रियता बढेको छ। परम्परा, संस्कार जोगाउने मात्र नारीको जिम्मेवारी ठान्ने समाजले हाल आएर नारीका आवाजको सुनुवाइ गर्न थालेको छ।

बहुविवाहको चलन नारी सक्षम भएका कारण हट्न थालेको छ। समाजमा नारीलाई मान्छे नै नगन्ने पुरुष नारीको महत्त्व बुझ्ने भएका छन्। शिक्षित महिलाको सङ्ख्या औँलामा गन्न सकिने समाजमा हालका शिक्षित नारीहरू समाज रूपान्तरणका संवाहक बन्दै छन् । नारीहरू प्राध्यापन, निजामति, सुरक्षा निकाय, व्यापार, व्यवसाय, राजनीति आदि क्षेत्रमा सक्रिय भएका छन्। शिक्षामा नारीको पहुँच, समाजमा आएको चेतना, घरपरिवारले छोरीलाई पनि

सन्तान ठानेर शिक्षा दिन थालेपछि समाजका सामाजिक, सांस्कृतिक रूपान्तरणमा महिलाको भूमिका महत्त्वपूर्ण हुन थालेको छ। नारीले जागिर खाएर घरपरिवारको आर्थिक अवस्थामा सुधार हुन थालेको छ। छोरीले आफ्ना आमाबुबालाई आर्थिक रहयोग गर्न सक्ने भएका छन्, जसका कारण समाजमा छोरीले असल शिक्षा पाएमा ऊ पनि आमाबुबाको सहारा बन्न सक्छ भन्ने भावनाको विकास जनमानसमा भएसँगै छोरीलाई शिक्षा दिन घरपरिवार सकारात्मक भएका छन्। समाजमा असल काम गरेर नाम चलेका उदाहरणीय नारी पात्रका कारण शिक्षा, रोजगारी, राजनीति आदि क्षेत्रमा नारीको सहभागितासँगै समाज रूपान्तरण र नीति निर्माणका तहमासमेत नारी सहभागिता बढ्नुले नारीका समस्यामा आवाज उठाएर समाधान गर्न जोड पुगेको छ। सुदूरपश्चिमको समाजमा भएका नकारात्मक विषयलाई सकारात्मक रूपमा परिवर्तन गर्नका लागि नारीको भूमिका महत्त्वपूर्ण रहेको छ।

## *सन्दर्भ सामग्रीसूची*

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* (तेस्रो सं.) काठमाडौँ : अक्षर क्रियसन नेपाल।
ढकाल, सागर. (२०७९). *दुर परेका मुद्दा.* काठमाडौ : कान्तिपुर दैनिक।
निजामती किताबखाना.(२०८२). काडमाडौँ।
नेपाल पुलिस हेडक्वाटर. (२०८२). काठमाडौँ।
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय.(२०७४). काठमाडौँ।
भण्डारी,रतन.(२०७९). *द्वारिकादेवी ठकुरानी.* काठमाडौँ : बुकहिल पब्लिकेसन।
मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को सचिवालय .(२०८२). सुदूरपश्चिम प्रदेश।
राष्ट्रिय योजना आयोग.(२०२०). *नेपाल मानव विकास प्रतिवेदन.* काठमाडौँ।
राष्ट्रिय तथ्याङ्क कार्यालय. (२०७८). *राष्ट्रिय जनगणना.* काठमाडौँ।
सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोग.(२०८१). *सुदूरपश्चिम प्रदेशको परिचय.* कैलाली।
शिक्षक किताबखाना.(२०८२).काठमाडौँ।

## *पत्रपत्रिका*

अनलाइन खबर. २०८१ वैशाख ११।
कान्तिपुर दैनिक. २०८१ मंसिर २१।
www.opmcm.gov.np
www.sudurpashimkhabar.com
https://ocmcm.sudurpashchim.gov.np/pages/state-introduction
https://sahakariakhabar.com/category/cooperative-tv
https://www.onlinekhabar.com/2024/04/1468797/voice-of-far-west-against-chhaupadi-malpractice